नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १८८ २०७७ साल फागुन १३ गते बिहीबार (25 Feb. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मुसहर समुदायका ... ३ पृष्ठमा : ‘मानवाधिकार उल्लङ्घनका ... ३ पृष्ठमा : चीनमा नयाँ फैसला, ...

# संसद पुर्नस्थापनको खुशियालीमा जसपाले निकाल्यो बिजयी जुलुस




**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

प्रतिनिधिसभा पुर्नस्थापना गरेको खुशियालीमा बुधबार जनता समाजवादी पार्टी नेपाल सप्तरीले राजविराजमा अबिरयात्राका साथ बिजयी जुलुस निकालेको छ । जुलुसमा सहभागिहरुले एकआपसमा रंग अबिर समेत दलेका थिए ।

सर्वोच्च अदालतको फैसलाले जनताको जित भएको भन्दै उल्लसाका साथ निकालिएको जुलुसमा प्रधानमन्त्री केपी ओलीको राजिनामा माग समेत गरिएको छ ।

नगर परिक्रमापछि जनआन्दोलन चौकमा पुगेर आयोजित सभामा राष्ट्रियसभाका सदस्य तथा जनता समाजवादी पार्टीका नेता मृगेन्द्र कुमार सिंह यादवले प्रधानमन्त्रीले चालेको असंबैधानिक कदमलाई अदालतले उल्टाइदिएपछि लोकतन्त्रको रक्षा भएको र मुलुक सम्भावित दुर्घटनाबाट जोगिएको बताए ।

त्यस्तै कार्यक्रममा सोही पार्टीकी नेतृ रेणु यादवले अदालतको फैसलाले विधीको शासन स्थापना भएको भन्दै सोहीको खुशियालीमा बिजयी जुलुस निकालिएको बताईन् ।

जसपा नेता सुनिल झाको अध्यक्षतामा आयोजित सभालाई प्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरी, प्रदेशसभा सदस्य मनिष सुमन, केन्द्रिय सदस्य अशोक यादव, यूवा नेता बिनोद यादव लगायतले पनि संबोधन गर्दै अदालतको निर्णयको स्वागत गर्दै प्रधानमन्त्री ओलीले नैतिकताको आधारमा अविलम्ब राजिनामा गर्नुपर्ने माग गरेका थिए ।

# बुद्धिजीवी पेशाकर्मीद्वारा अदालतको निर्णयको स्वागत

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

बुद्धिजीवी पेशाकर्मी आन्दोलन संयोजन समिति सप्तरीले प्रतिनिधीसभा विघटन सम्बन्धि मुद्दामा सर्वोच्च अदालतले गरेको ऐतिहासिक निर्णयप्रति स्वागत गरेको छ ।

समितिका संयोजक अनिलकुमार अनल, सहसंयोजक नथुनी दास र सचिव भुपेन्द्र मण्डलद्वारा बुधबार जारि संयुक्त विज्ञप्ति मार्फत अदालतको निर्णयप्रति स्वागत गर्दै खुशी समेत प्रकट गरिएको छ ।

पौष ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक रुपमा गरेको प्रतिनिधी सभाको विघटन पछि प्रतिगमनका विरुद्ध देशका सम्पुर्ण नागरिक समाज, अगुवा, राजनैतिक दल लगायत बुद्धिजीवी, पेशाकर्मी संघ संस्थाहरुले विगत महिनादेखी गर्दै आएको आन्दोलन, कार्यक्रम विचार तथा अभिब्यक्ती सहि सावित भई भएगरेको कार्य प्रति समिति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गरेको विज्ञप्तिमा उल्लेख छ ।

सोही विज्ञप्तिमा प्रतिगमन विरुद्धको आन्दोलनको क्रममा बालुवाटारमा नागरिक समाजका अगुवा उपर गरिएको प्रहरी दमन र विभिन्न स्थानहरुमा राजनैतिक दलहरुका प्रर्दशनमा गरिएको दमनको समेत स्मरण गर्दै राज्यसत्ताको दमनबाट किंचित मात्र विचल्लीत नभई निरन्तर बढाइएका संर्घषहरु प्रति समेत उच्च सम्मान प्रकट गरिएको छ ।

सर्वोच्च अदालतको ऐतिहासिक फैसलाले कायम गरेको संवैधानिक सर्वोच्चतालाई आत्मसात गर्दै देशलाई संघिय लोकतान्त्रिक गणतन्त्र, समावेशी समानुपातिक पथमा अघि बढ्न

***बाँकी अन्तिम पृष्ठमा***

# विपद् व्यवस्थापन सामाग्रि भण्डारगृह निर्माण हुने




**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**


प्राकृतिक विपद्को सामना गर्न पूर्वतयारी स्वरुप आवश्यक पर्ने सामाग्रि भण्डारण गर्न राजविराजमा भण्डारगृह निर्माण गर्न लागिएको छ ।

नेपाल रेडक्रस सोसाइटी शाखा सप्तरीको बुधबार ५० औं साधारणसभाको अवसरमा सो जानकारी दिइएको हो । रेडक्रस सोसाइटी शाखा सप्तरीका अध्यक्ष जोगेन्द्र भगतले शाखा परिसरमा निर्माण हुन लागेको भण्डारगृहका लागि प्रदेशसभा सदस्य मनिष सुमनले संसदीय विकास कोषबाट ८ लाख रुँपैया, विष्णुपुर गाउँपालिकाले ५ लाख र तिरहुत गाउँपालिकाले ४ लाख रुँपैया उपलब्ध गराएको जानकारी दिए ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष भगतले भण्डारगृह निर्माणका लागि अन्य स्थानियतहले समेत सहयोग गर्ने प्रतिबद्धता जनाएको बताउँदै जिल्लाकै पहिलो भण्डारगृह हुने भनिएको सो गृहको यसै आर्थिक वर्षमा निर्माण कार्य सुरु गरिने योजना रहेको उनको भनाई छ ।

साधारणसभाको उद्घाटन गर्दै प्रदेशसभा सदस्य मनिष

***बाँकी तीन पृष्ठमा***



# थप पाँच हजार क्विटल धान खरीद गरिने

वीरगञ्ज, १२ फागुन (रासस)।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षमा प्राप्त गरेको सोना मन्सुली धान खरिद कोटाको लक्ष्य पुग्न नसकेपछि थप ५ हजार क्विटल खरिद गर्ने भएको छ।

शाखाले चालु आर्थिक वर्षका लागि ३० हजार क्विटल सोना मन्सुली धान खरिदको कोटा पाएकोमा हालसम्म रु ९ करोड २१ लाख १ हजार ६५ मूल्य बराबरको ३१ हजार २९६ क्विटल धान मात्र खरिद गर्न सकेकाले थप ५ हजार क्विटल धान खरिद गरी लक्ष्य भेट्ने सो कार्यालयका शाखा प्रमुख विकास कटुवालले जानकारी दिनुभयो।

कम्पनीले जिरामसिनो धान ५ हजार क्विटल खरिद गर्ने लक्ष्य पाएकोमा हालसम्म रु ३ लाख ३८ हजार ४३० मूल्य बराबरको ११७ क्विटल मात्र धान खरिद गर्न सकेको छ। नेपालभन्दा भारतमा जिरामसिनो धान बढी उत्पादन भए पनि आयात हुन नसकेको तथा पर्साका किसानले थोरै मात्रामा जिरामसिनो धानको खेती गर्ने भएकाले खरीद लक्ष्य भेट्न नसकिएको हो। जिरामसिनो धानको सट्टा सोना मन्सुली धान खरिद गर्ने भनेर खरिद विभागबाट निर्देशन आएकाले थप ५ हजार क्विटल सोना मन्सुली धान खरिद गर्न लागिएको सो कार्यालयका सूचना अधिकारी मुनीलाल कुशवाहले बताउनुभयो।

सङ्घीय सरकारले यस वर्ष किसानबाट प्रति क्विटल ७ दशमलव ३५ प्रतिशत बढी मूल्यमा सोना मन्सुली धान तथा ६ दशमलव ५ प्रतिशत बढी मूल्यमा जिरामसिनो धान खरिद गर्न थालेका छन। सोना मन्सुली धान प्रति क्विटल रु २ हजार ८८५ तथा जिरामसिनो धान प्रति क्विटल २ हजार ९ सय मा खरिद गर्न थालेको छ। अघिल्लो वर्ष सो कार्यालयले २५ हजार क्विटल सोना मन्सुलीधान तथा ३२ क्विटल २५ किलो जिरामसिनो धान खरिद गरेको थियो।

पर्सामा ८५ प्रतिशत किसान धान खेती गर्दै आइरहेका छन्। यस वर्ष पर्साका किसानले ४७ हजार ५० हेक्टर क्षेत्रफलमा धान खेती गरी २ लाख २८ हजार ५६० मेट्रिकटन धान उत्पादन गरेका छन्। अघिल्लो वर्षभन्दा यसवर्ष पर्साका किसानले रु ७ करोड ४४ लाख १७ हजार ६०० मूल्य बराबरको २ हजार ७५० मेट्रिकटन बढी धान फलाएको कृषि ज्ञान केन्द्र पर्साका बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले जानकारी दिनुभयो।

यसैगरी बारा जिल्लामा किसानले ५८ हजार २११ हेक्टर क्षेत्रफलमा धान खेती गरेकोमा २ लाख ५३ हजार ३८९ मेट्रिकटन धान उत्पादन गरेको छ। खास गरी पर्सा र बारा जिल्लाका किसानले आफूले उत्पादन गरेको धान वीरगञ्जस्थित कम्पनीलाई बेच्दै आए पनि यस वर्ष तोकिएको लक्ष्य भेट्न नसक्दा सो लक्ष्य पूरा गर्न जिरामसिनो धान खरिद बन्द गरी सोना मन्सुली धान खरिद गर्ने तर्फ कार्यालय केन्द्रित भएको छ। सोना मन्सुली धान नेपालमा सिफारिस नभएको र यो धान प्रतिबन्धित रहे पनि नेपाल सरकारले सोना मन्सुली धान खरिदलाई प्राथमिकता दिंदै आएको छ।

# मुसहर समुदायका बालबालिका शिक्षामा आकर्षित

लहान, १२ फागुन (रासस)।

हरेक दृष्टिकोणले अति पिछडिएको हरवा चरवा मुसहर समुदायका बालबालिकामा पछिल्लो समय शिक्षाप्रति आकर्षण बढ्न थालेको छ। केही वर्षअघिसम्म अत्यन्त न्यून सङ्ख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय ती समुदायबाट विद्यालय जाने बालबालिकाको सङ्ख्या उत्साहजनकरूपमा बढ्दै गएको पाइएको छ।

हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको सप्तरीको शम्भुनाथ नगरपालिका-२ कनकपट्टी, वडा नं ३ डङगराही र ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन्। सो नगरपालिकाका हरवाचरवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल कक्षा सञ्चालन गरेपछि विद्यालय जाने बालबालिकाको सङ्ख्या बढ्दै गएको हो।

विगत दुई वर्षदेखि ती वडाहरूबाट हरवाचरवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको सङ्ख्या जम्मा १२ थियो तर सो संस्थाले द फ्रिडम फन्डको सहयोगमा 'सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तिकरण कार्यक्रम' अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बाल कक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको सङ्ख्या १४० भन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदा बताउनुहुन्छ।

पहिला पहिला हरवाचरवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकूदमै दिन बिताउने गरेका थिए तर गाउँमै निःशुल्क बाल कक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्। अर्जुनले भन्नुभयो, "केही वर्षअघिसम्म विद्यालयहरूमा हरवाचरवा मुसहर परिवारका बालबालिका न्यून सङ्ख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको सङ्ख्या बढ्न थालेको छ।" केही वर्षअघि सम्म हरवाचरवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला एक त हरवाचरवा परिवारका बालबालिका विद्यालय जान रुचाइरहेका थिएन भने अभिभावकहरू पनि विद्यार्थीलाई विद्यालय पठाउन चाहिरहेको थिएन। मोहनपुरका अरहुलिया सदाले भन्नुभयो, "हाल मुसहर परिवारको बालबालिका पनि विद्यालय जान थालेका छन्। अभिभावकहरूमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ। कुनै बेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिँदै अरहुलियाले थप्नुभयो, "अहिले त्यस्तो अवस्था विस्तारै हट्दै गएको छ।" हरवाचरवा मुसहर परिवारका अभिभावकहरू पनि जिम्मेवार बन्दै गएको उहाँ सुनाउनुहुन्छ।

हरवाचरवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिका-२, ३ र ५ मा सञ्चालन गरेको निःशुल्क बाल शिक्षा कार्यक्रममा अहिले हरवाचरवा र मुसहर समुदायका १४० जनाभन्दा बढी बालबालिका नियमितरूपमा अध्ययन गर्नका लागि आउने गरेको श्रीपुर्राज सामुदायिक केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले बताउनुभयो। तीमध्ये १०५ जना बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याई सकिएको उहाँको भनाइ छ। विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाका तर्फबाट शैक्षिक सामग्री र स्कूल ब्यागसमेत निःशुल्क उपलब्ध गराएको छ।

विद्यालयबाहिर रहेका बालबालिकाका लागि हाल तीनजना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौमहिने बाल शिक्षा प्रदान गरिरहेको र क्रमिकरूपमा विद्यालय भर्ना गराउँदै लगेको श्रीपुर्रा सामुदायिक विकास केन्द्रका अध्यक्ष सुखीलाल चौधरीको कथन छ।

प्रारम्भिक बाल शिक्षाबाट राम्रो गर्दै गएका १०५ जना हरवाचरवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराई सकिएको छ। बाँकी रहेकाहरूलाई पनि क्रमशः पायक पर्ने विद्यालयहरूमा भर्ना गराउने तयारी छ। "गरिबी र अभावबाट गुज्रिरहेका हरवाचरवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको नाकमुख देख्न पाएका छैन", उहाँले भन्नुभयो, "त्यस्तालाई आगामी शैक्षिक सत्रदेखि विद्यालयसँग जोड्न सक्दो पहल गरिरहेका छौँ।"

शैक्षिकरूपमा जर्जर रहेको हरवाचरवा र मुसहर समुदायका बालबालिकाको विद्यालय आउने क्रम बढेको भन्दै यस्तो अभियानलाई अझ निरन्तरता दिनुपर्ने शम्भुनाथ नगरपालिका-३ स्थित बौकीदेवी दलित आधारभूत विद्यालयका प्रधानाध्यापक गोसाईं पासवानले बताउनुभयो।

**पर्यटक भित्रचाउन अभियान सञ्चालन**

कोभिड-१९ का कारण चहल पहल घटेका प्रदेश नं २ का पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक ल्याउन सरोकारवालाहरूले अभियान शुरु गरेका छन्। प्रदेश नं २ सरकारको समन्वयमा प्रदेशका होटेल व्यवसायीसँगै सरोकारवालाहरूले आन्तरिक पर्यटन पुनरोत्थान समिति बनाएर अभियान शुरु गरेका हुन्।

अभियानअन्तर्गत समितिले प्रदेशभरिका प्रमुख पर्यटकीय क्षेत्रहरूका वृत्तचित्र तयार गरी प्रचारप्रसारसँगै पर्यटकलाई आकर्षित गर्ने अन्य गतिविधिहरू सञ्चालन गरिने समितिका सदस्य शैलेश चौधरीले जानकारी दिनुभयो।

कोभिड-१९ र लकडाउनका कारण ओझेलमा परेका प्रदेशको आठवटै जिल्लामा रहेका ऐतिहासिक, धार्मिक र पुरातात्विक धरोहरका साथै प्रमुख पर्यटकीय क्षेत्रहरूलाई लिपिबद्ध गर्न एकीकृत दस्तावेज तयारी गरिरहेको छ।

आन्तरिक र बाह्य पर्यटक भित्रचाउने प्रदेश २ मा व्यापक पर्यटकीय क्षेत्रहरू रहे पनि एकीकृत दस्ताबेज नहुँदा प्रदेश नं २ कै एक जिल्लाको पर्यटकीयस्थलबारे अर्को जिल्लावासीलाई थाहा नभएकाले एकीकृत दस्ताबेज तयार गर्न

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘मानवाधिकार उल्लङ्घनका गम्भीर घटनाका दोषीलाई आममाफी हुँदैन’

काठमाडौँ, १२ फागुन (रासस)।

मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाका दोषीलाई आममाफी नहुने स्पष्ट गर्दै नेपालले द्वन्द्वकालका मानवाधिकार उल्लङ्घनका घटनाको आयोग र सङ्क्रमणकालीन न्याय संयन्त्रका माध्यमबाट अनुसन्धान भइरहेको बताएको छ।

मङ्गलबार जेनेभामा भएको संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को ४६ औं उच्चस्तरीय बैठकलाई अप्रत्यक्षरूपमा सम्बोधन गर्दै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले विकासको अधिकारसहित मानवअधिकार संरक्षण एवं प्रवर्द्धनमा नेपालको पूर्ण प्रतिबद्धता दोहोर्‍याउँदै मन्त्री ज्ञवालीले सार्वभौमिकता, अविभाज्यता, परस्पर निर्भरता र सम्बद्धतामा जोड दिनुभयो।

विश्वव्यापीरूपमा स्वीकार्य मानवअधिकारका मान्यता र सिद्धान्तलाई नेपालको संविधानले आत्मसात गरेको सुनाउँदै उहाँले समानता, विभेदरहित, न्याय, विधिको शासन तथा समाजका कमजोर वर्गको संरक्षणका निम्ति विशेष उपाय अपनाइको जानकारी दिनुभयो।

सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने उद्देश्यका साथ तिनलाई नेपालले आफ्नो राष्ट्रिय विकास योजनामा समावेश गरेको जानकारी दिँदै उहाँले नारी सशक्तीकरण, लैङ्गिक समानता, बालमजदुरी र बालविवाहको अन्त्य, किशोरी तथा महिला तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसहित सबै किसिमका मानव अधिकारको रक्षा गर्न नेपाल दृढ रहेका बताउनुभयो।

मानवाधिकार प्रवर्द्धनमा मानवअधिकार प्रतिरक्षक, नागरिक समाज, सञ्चार जगत्लगायत सबैको महत्वपूर्ण भूमिका हुने चर्चा गर्दै परराष्ट्रमन्त्रीले महिलासहित आप्रवासी कामदारलाई निजको देश, गन्तव्य राष्ट्रसम्म पुग्न बाटोमा प्रयो हुने मुलुक तथा गन्तव्य देशले पनि मानव बेचबिखन हुन नदिन उनीहरूको संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनु भएको जेनेभास्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले बुधबार जनाएको छ।

# वक्तृत्वकला र चित्रकला प्रतियोगिता सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन।**

सुरक्षित सिकाइको मुल आधार, बालसंरक्षण हामी सबैको सरोकार मुल नाराका साथ सुरक्षित सिकाइ क्रममा बाल संरक्षण र लैंगिक हिंसा न्युनिकरण बारे नगरपालिका स्तरीय वक्तृत्वकला र चित्रकला



प्रतियोगिता बिहीबार सम्पन्न भएको छ।

विश्व शिक्षाको सहयोग र असमान नेपालको आयोजना एवं डाक्नेश्वरी नगरपालिकाको समन्वयमा संचालित प्रतियोगितामा नगरपालिका क्षेत्र भित्रका ११ वटा विद्यालयका विद्यार्थीहरुको सहभागिता रहेको थियो।

आयोजित वक्तृत्वकलामा प्रथम नितु मण्डल मावि ब्रहमपुर, दोश्रो सुलोचना कुमारी साह मावि पातो, तेस्रो सुशिल कुमार साह मावि तरही, चौथो आरती कुमारी पण्डित मावि कटैया तथा चित्रकलातर्फ प्रथम चिन्तामणी प्रमाणी मावि हरिरहा, दोश्रो दिपक कुमार मण्डल मावि पातो, तेश्रो कुषाणान्द साह, चौथो अमृत पण्डित मावि पातो भए।

वक्तृत्वकला तथा चित्रकला प्रतियोगिताका बिजयी विद्यार्थीहरुलाई कार्यक्रमका प्रमुख अतिथी सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरीले पुरस्कार प्रदान गरेका थिए।

कन्तचन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक योगेन्द्र प्रसाद मेहताको अध्यक्षतामा आयोजित कार्यक्रममा आसमान नेपालका शिक्षा अधिकृत अमित दहित, सामाजिक परिचालक प्रमोद यादव, पुलकित मुखिया, शिक्षक दसरथ कर्ण लगायतको उपस्थिति रहेको थियो।

उक्त प्रतियोगितामा प्रतिस्पर्धा गराउन मावि हरिरहाका जिबछ प्रसाद यादव, उमावि पातोका शिक्षक राजकुमार मण्डल र मावि ब्रहमपुरका सागर विर कडारीसहितको तीन सदस्यीय टोली गठन गरिएको थियो।

## *मुसहर समुदायका ...*

लागेको जनाएको छ।

प्रदेश नं २ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा सयौँ सङ्ख्यामा धार्मिक र पर्यटकीय क्षेत्रहरू छन्, तर वास्तविक सङ्ख्या नहुँदा त्यस्ता पर्यटकलाई लोभ्याउन सकिने पर्यटकीय क्षेत्रहरू समेत ओझेलमा परेको छ।

पर्यटकलाई लोभ्याउन सकिने व्यापक पर्यटकीय क्षेत्रहरू रहे पनि एकीकृत दस्ताबेज र प्रचारप्रसारको अभावमा पर्यटकहरू भित्र्याउन नसकिएको कुरालाई मनन गरी अभियान सञ्चालन गरिएको चौधरीको भनाइ छ।

## *विपद् व्यवस्थापन ...*

सुमनले प्राकृतिक विपतीसँगै मानव सृजितलगायत सबै खाले विपतीको रोकथाम र न्यूनिकरणमा रेडक्रस सोसाइटीको महत्वपूर्ण भूमिका रहेको बताए।

राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा सेवा क्षेत्रमा आफ्नो छुट्टै छबि बनाएको रेडक्रसलाई आफ्नो र प्रदेश सरकारको तर्फबाट भविष्यमा पनि साधनश्रोत र क्षमताले भ्याएसम्म सहयोग गरिरहने उनले प्रतिबद्धता पनि जनाए।

शाखाका मन्त्री भबेन्द्र प्रसाद यादवले आ.ब. २०७६/७७ सम्म संचालित कार्यक्रम तथा गतिविधी समेटिएको वार्षिक प्रतिवेदन तथा शाखा अधिकृत ब्रहमदेव यादवले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिवेदन अनुसार शाखाले आ.ब. २०७६/७७ मा २ सय २० अग्निपीडित तथा ४ सय ७२ बाढीपीडितलाई राहत सामाग्रि प्रदान गरेको छ।

यस्तै बाढीबाट सर्वाधिक प्रभावित हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा बाढी पूर्वतयारी प्रतिकार्य, कोरोना बिरुद्धको सचेतना, स्वच्छ खानेपानी तथा शौचालय निर्माण लगायतका कामहरु पनि सोही अवधीमा सम्पन्न गरेको छ।

---

"राजविराज शहर समृद्ध-हरित नगर"
**राजविराज नगरपालिका**
**२नं. वडा कर्यालय**
**राजविराज, सप्तरी.**
**प्रदेश नं. २. नेपाल**

पत्र संख्या:२०७७।७८
चलानी नः

मितिः २०७७।११।११

विषय :- सूचना सूचना सूचना

वडा कार्यालय रा.वि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा वार्ड नं. ९ हाल परिवर्तित वार्ड नं. २ वस्ने दिप रत्न को बुहारी तुलसी प्रसाद श्रेष्ठको छोरी स्व. कृष्ण रत्न श्रेष्ठको पत्नी विजय कुमारी श्रेष्ठ ले यस कार्यालयमा उपस्थीत भई मेरो पति कृष्ण रत्न श्रेष्ठको आफनै काल गतिले मिति २०७६।१०।१३ गते मृत्यु भएको हुदा मृतक पतिको नाउमा कायम रहेको जग्गा तथा संगोलमा कायम रहेको जग्गाहरु मृतक को एक मात्र पत्नी म विजय कुमारी श्रेष्ठ भएको हुदा मृतक पतिको नाउमा तपसिलमा उल्लेखित जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनि मिति ०७७।११।११ द.नं. २१५ को निवेदन द्वारा माग गरेको हुदां सो जग्गामा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ वस्ने कृष्णरत्न श्रेष्ठ को नाउमा कायम रहेको जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | वकधुवा | २क | ४०७ | ०-४-५ |
| " | " | " | ४८१ | ०-३-७ |
| " | " | " | ४९२ | ०-१-१८ |

जि.स. रा.वि.न.पा वार्ड नं.९ हाल परिवर्तित वार्ड नं. २ वस्ने कृष्णरत्न श्रेष्ठ समेत चार जनाको नाउंमा रहेको संयुक्त जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | रा.वि.न.पा | ९ | २१७७ | ०-०-१३ |
| " | अगाडी | २क | ११० | १-११-७ |
| " | " | १ग | ४६ | ०-९-१३ |
| " | " | २क | ३८१ | १-५-१ |
| " | वकधुवा | " | ४७४ | ०-८-४ |
| " | " | " | ४८२ | ०-४-१२ |
| " | " | १क | ६०६ | ०-५-१० |

..................................
अरुण कुमार यादव
अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २

---

# विश्व समाचार

## चीनमा नयाँ फैसला, पूर्वपत्नीलाई घरायासी काम गरेबापत क्षतिपूर्ति दिन आदेश

बेइजिङ, १२ फागुन (रासस/एएफपी)।

चीनको अदालतले एक व्यक्तिलाई आफ्नी पूर्वपत्नीलाई घरायासी काम लगाएबापत क्षतिपूर्ति स्वरुप झण्डै आठ हजार अमेरिकी डलर भुक्तानी गर्न आदेश दिएको छ। पारपाचुके गरिसकेकी ती महिलालाई क्षतिपूर्ति दिलाउने गरी अदालतले फैसला गरेलगत्तै चीनमा त्यसको पक्ष र विपक्षमा प्रतिक्रिया आएका छन्। यसै वर्षदेखि लागू भएको देशको नयाँ देवानी कानुनअनुसार पारपाचुके गरेका दम्पतीमध्ये घरमा बढी काम गर्नुपर्ने पुरुष वा महिलाले क्षतिपूर्ति दाबी गर्न सक्ने छन्।

पूर्वपत्नी वाङले बेइजिङ अदालतमा आफूले पाँच वर्षे वैवाहिक जीवनमा बच्चाको हेरचाह गरेको र घरभित्रका सबै काम गरेको बताउनु भएको थियो। उहाँका पूर्वपति चेन भने काममा जानुबाहेक घरमा केही काम नसघाएको वाङको दाबी छ। अदालतको आदेशमा भनिएको छ, वाङले घरयासी काम र बालबच्चा हुर्काउने काम पनि गरेको थप क्षतिपूर्ति माग्नुभएको छ।

अदालतले वाङले अतिरिक्त जिम्मेवारी र काम गरेकाले करिब आठ हजार डलर तिनुपर्ने आदेश दिएको छ। स्थानीय सञ्चारमाध्यमले वाङले अदालतको आदेश विरुद्ध पुनरावेदन गरेको समाचार यसै साता प्रकाशन गरेपछि महिलाले गर्ने घरभित्रका कार्यको मूल्यलाई लिएर अनलाइनमा व्यापक विचारविमर्श भएको छ।

चीनको ट्वीटर जस्तै मानिने सामाजिक सञ्जाल वाइबोमा बुधबारसम्म ५७ करोडभन्दा बढीले वाङ र चेनको मुद्दामाथि बहस गरेको पाइएको छ। टिप्पणी गर्नेले महिलामाथि शोषण भइरहेको भन्दै आक्रोश पोखेका थिए। आर्थिक सहयोग तथा विकास सङ्गठन (ओइसिडी)को अनुमानअनुसार चिनियाँ महिलाले घरमा दैनिक करिब चार घण्टा बेतलबी कार्य गर्दछन्। यो पुरुषको भन्दा झण्डै अढाई गुणा बढी हो भने औषतभन्दा बढी हो।

चीनमा पारपाचुकेसम्बन्धी कानुनलाई उदार बनाइएपछि र महिला आर्थिकरुपमा बढी स्वतन्त्र हुनथाले पछि विगत दुई दशकमा पारपाचुके गर्नेक्रम निकै बढेको छ। तर बेइजिङका लागि यो टाउको दुखाइको विषय बन्दै गएको छ किनभने चीनमा वृद्धवृद्धाको जनसंख्या बढ्दै गएको छ।

## नेदरल्याण्डमा कोभिडका कारण मार्च १५ सम्म कर्फ्यु लगाइने

दि हेग, १२ फागुन (रासस/सिन्ह्वा)।

कोभिड १९ को सङ्क्रमण बढ्दै गएपछि नेदरल्याण्डमा लगाइएको कर्फ्युको समय बढाएको छ। प्राप्त समाचारअनुसार यहाँका अधिकारीले कोभिडका कारण यहाँ लगाइएको कर्फ्युको समय पनि बढाइएको जनाएका छन्।

डच प्रधानमन्त्री मार्क रुटले नेदरल्याण्ड्समा अहिले पनि दोस्रो वेभका भाइरसको प्रकोप बढ्दोरुपमा रहेको र यसका कारण हामीले देशका विभिन्न भूभागमा कर्फ्यु लगाएका छौँ भन्नुभयो।

प्रधानमन्त्री रुटले भन्नुभयो, हामी सहज अवस्थाको पर्खाइमा छौँ, हामीले कोरोना भाइरसको सङ्क्रमण बढ्दो मात्रामा रहेकाले यसको निराकरणका लागि विभिन्न चरणमा प्रयास जारी राखेका छौँ, अबका दिनमा पनि भाइरसको अर्को वेभ आउन सक्ने खतरा रहेकोले त्यसको सुरक्षाका लागि हामीले प्रयास गरिरहेका छौँ।

मङ्गलबार पत्रकार सम्मेलनका क्रममा उहाँले सो कुराको जानकारी दिनुभएको हो। “यहाँका स्वास्थ्य अधिकारी र स्वास्थ्यसम्बन्धी विज्ञले छलफल गरेर आगामी दिनमा के कसरी भाइरसको सङ्क्रमणको जोखिम घटाउने भनेर काम गरिरहेका छौँ”, उहाँले भन्नुभयो।

उहाँले आगामी मार्च ३ तारिखदेखि भने अहिलेका कडा खालका प्रावधानमा केही खुकुलो बनाउने जानकारी दिनुभयो। जस्तो कि प्राथमिक विद्यालय खोल्ने, किनमेल गर्न पाउने समय पनि बढाउने र अरु पनि केही प्रावधानमा खुकुलो बनाउने जानकारी उहाँले दिनुभयो।

यहाँको सरकारले यहाँ लगाइ आएको कर्फ्युको अवस्था भने नहटाउने जनाएको छ। अहिले कतिपय स्थानमा विभिन्न समयमा कर्फ्युको घोषणा गरिएको छ। सो घोषणालाई यही मार्च १५ तारिखसम्म लम्ब्याउने जानकारी दिइएको छ।

नेदरल्यण्डमा जनवरी २३ देखि रातिको ९ बजेदेखि बिहान ४:३० बजेसम्म कर्फ्यु लगाइएको छ। यहाँका नागरिकले सरकारले लगाएको यो कर्फ्युको विरोध गरिरहेका भए पनि सरकारले भने यो बाध्यतालाई बुझिदिन भन्दै सबै नागरिकसँग अनुरोध गरेको छ।

## अफगानिस्तानमा सेनाको कारबाहीमा सात लडाकू मारिए

काबुल, १२ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा सरकारी सुरक्षाफौजले गरेको कारबाहीमा कम्ती सात जना तालिबान लडाकू मारिएका रक्षा मन्त्रालयले जनाएको छ।

मन्त्रालयको विज्ञप्तिमा मङ्गलबार कान्दाहारको डन्ड र अर्घन्डाब जिल्लामा तालिबान लडाकू भेला भई सेनाको शिविरमा आक्रमण गर्न लागेको भन्ने सूचनाका आधारमा सेनाले कारबाही गरेको उल्लेख छ।

कारबाहीमा अरु तीन तालिबानी लडाकू पनि घाइते भएका थिए। सैनिक कारबाहीलाई सघाउन अफगान हवाई बलले पनि मद्दत गरेको रक्षा मन्त्रालयको भनाइ छ। मन्त्रालयले विद्रोही तालिबानका एउटा कारबम, तीन वटा मोटरसाइकलसहित हातहतियार बरामद भएको जनाएको छ।

सेनाले खोज तथा घेराबन्दी सैन्य कारबाही थालेपछि विद्रोही तालिबानको बलियो उपस्थिति रहेको कान्दाहारमा सुरक्षा व्यवस्थामा पछिल्ला केही महिनादेखि निकै सुधार आएको छ। तर विद्रोहीले सरकारका खासखास स्थान र व्यक्तिमाथि साङ्घातिक आक्रमण गरिरहेका छन्। तालिबान समूहले भने उक्त घटनाका बारेमा केही प्रतिक्रिया जनाएका छैनन्।

# छिन्नमस्ता गापा ७ को वडा भवनको शिलान्यास



**दैनिक समाचारदाता राजविराज, १२ फागुन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ७ हाटीको वडा कार्यालय भवनको बिहीबार शिलान्यास गरिएको छ ।

एक कार्यक्रम बिच जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले भवनको शिलान्यास गरेका हुन् ।

हाटीका स्थानियबासी समेत रहेका प्रमुख प्रभाकर यादबले १ कट्ठा ३ जग्गा उपलब्ध गराएपछि वडा कार्यालय को भवन निर्माण हुन लागेको हो ।

जिल्ला समन्वय समिति सप्तरीको सहयोगमा ६४ लाखको लागतमा सो भवन चालु आ.बको आषार मसान्त भित्र निर्माण गर्ने लक्ष्य रहेको वडा ७ का अध्यक्ष प्रमिला देवी यादबले बताईन ।

वडा कार्यालयको आफ्नो भवन नभएका कारण कार्यलय संचालनमा कठिनाई भईरहेको अबस्थामा वडा भवन निर्माण हुने भएपछि स्थानिय उत्साहित भएका छन ।

वडा अध्यक्ष प्रमिला देवी यादवको अध्यक्षतामा आयोजित शिलान्यास कार्यक्रममा छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष श्रीमती उषा कुमारी मण्डल, वडा सदस्य तथा स्थानियवासीहरूको उपस्थिति रहेको थियो ।

### बुद्धिजीवी पेशाकर्मीद्वारा ...

मुलुकका सम्पूर्ण राजनैतिक शक्तिहरु पुराना कमि कमजोरी सच्याउदै अघि बढ्नुको विकल्प नरहेको समितिको ठम्याई छ ।

विज्ञप्तिमा भनिएको छ, "हाम्रो संघिय लोकतान्त्रिक, गणतन्त्रात्मक देशलाई भ्रष्टाचार मुक्त समाजवाद उन्मुख मुलुकको विकाशमा तिब्रता दिन तथा विगतका कमिकमजोरीहरु सच्याई राजनैतिक दल तथा अगुवाहरुले आत्मलोचना सहित अघि बढोस् भन्ने हाम्रो चाहनाका साथ आउँदा दिनहरुमा समेत खबरदारी तथा सहयोगि भूमिका खेल्ने यो समिती सम्पुर्ण जनसमुदायमा प्रतिबद्धता जाहेर गर्दै प्रेस विज्ञप्ति जारी गर्दछ ।"


## पेन्सन पट्टा हराएको सूचना

राजविराजस्थित राष्ट्रिय बाणिज्य बैंक नजिकबाट २०७७ माघ २२ गते मेरो पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४७९९७३३ मा सम्पर्क गर्नुहोला ।

**नाम : कालुमान श्रेष्ठ**
**ठेगाना : राजविराज ७, सप्तरी**

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हार्दिक बधाई एवं शुभकामना



राजबिराज नगरपालिका वडा नं. २ निवासी तथा जिल्ला कारागार कार्यालयका खरिदार मित्र सन्दिप कुमार देवसँग सोही वडा निवासी पुजा देव फागुन ९ गते बैवाहिक सम्बन्धमा बाँधिनु भएकोमा हार्दिक बाधाईका साथ उहाँहरुको सफल दाम्पत्य जीवनको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

**चन्दन कुमार यादव**
**सहसचिव**
**नेपाल पत्रकार महासंघ सप्तरी**

## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

**कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं**



**भिडभाड हुने स्थान**
जहाँ धैरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

**तपाईंले अपनाउनु पर्ने सावधानीहरु**

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

स्रोत : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np